# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः-२०७७/०७/०५**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम ) प.स २०७७/७८ च.नं /PMEP/२३ को मिति २०७७/४/१२ को पत्रानुसार यस कुश्मा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवदेन दिनुहुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं | पद/तह | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०२-०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः-

क) सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको ।

ख) अनुभव र सिपः- प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने , आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव , पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेरः- कम्तीमा १८ बर्ष भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः-कुश्मा नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः २०७७/७/१९ सम्म

४. आवेदनको दस्तुरः- रु ४००।–

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः-

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः-गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११) (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादन गर्नुपर्ने कार्यविवरणः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

**नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

फोन नं :०६७-४२०१४१, वेबसाइटः www.kushmamun.gov.np, ईमेल : info@kushmamun.gov.np